**नेपाल सरकार**
**रक्षा मन्त्रालय**
**प्रेस विज्ञप्ति**

माननीय रक्षा मन्त्री बालकृष्ण खाणको निमन्त्रणामा नेपालको तीन दिने औपचारिक भ्रमणमा आउनु भएका मित्रराष्ट्र चीनका महामहिम स्टेट काउन्सिलर तथा रक्षा मन्त्री जनरल चाङ्ग वानछुवान तथा वहाँको प्रतिनिधिमण्डलको सम्मानमा आर्मी अफिसर्स क्लबमा आज रात्रिभोज आयोजना गरियो । नेपाली पक्षबाट माननीय उप-प्रधानमन्त्री तथा गृह मन्त्री बिमलेन्द्र निधि, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय शंकर नायक, माननीय गृह राज्य मन्त्री इन्द्रबहादुर बानियाँ, नेपालका लागि मित्रराष्ट्र चीनका महामहिम राजदूत यू होङ्ग, सरकारका मुख्य सचिव, प्रधान सेनापति लगायतका विशिष्ट पदाधिकारीहरुको उक्त कार्यक्रममा उपस्थिति थियो ।

भावी दिनमा नेपाल र चीन बीचको आपसी सम्बन्ध अझ प्रगाढ बन्दै जाने शुभेच्छा र दुई देशका रक्षा मन्त्रालयहरु बीचको सम्बन्ध अझ विस्तार एवम् सुदृढ हुने विश्वासका साथ चिनियाँ मन्त्री तथा भ्रमण दलका सदस्यहरुको सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दै माननीय रक्षा मन्त्री खाणले टोष्ट प्रस्तावका लागि आह्वान गर्नु भयो ।

यस अघि माननीय मन्त्रीले भन्नु भयो कि महामहीम रक्षा मन्त्रीको भ्रमणले नेपाल र चीन बीचको विद्यमान घनिष्ठ सम्बन्धलाई थप मजबुत बनाएको छ । पञ्चशिलको सिद्धान्तमा अडिग दुई देशको सम्बन्ध मित्रता, समझदारी, पारस्परिक सहायता तथा असल छिमेकीपनमा आधारित रहेको ; नेपाल सदैव एक चीन नीतिमा अडिग रहेको, हाम्रो भूमि छिमेकी विरुद्ध प्रयोग हुन नदिनेमा दृढ रहेको कुरा वहाँले राख्नुभयो । साथै नेपालमा चिनियाँ पर्यटकहरु धेरै भ्रमण गराएर, उद्योग-व्यावसायमा लगानी बढाएर हाम्रो अर्थतन्त्रको उन्नयनमा योगदान दिन समेत माननीय रक्षा मन्त्री खाणले समकक्षीलाई आग्रह गर्नुभयो ।

टोष्ट प्रस्तावको प्रत्युत्तरमा चिनियाँ रक्षा मन्त्रीले भन्नु भयो कि चीनमा एउटा उखान छ- भेटघाट बढाँउदै जाँदा मित्रता कसिलो हुन्छ । यसैले उच्च तहमा भ्रमण बढाएर आपसी सम्बन्ध दरिलो बनाएर विकास र स्थिरता प्राप्त गर्न सकिन्छ भन्ने चाङ्गको धारण रहेको पाइयो । दुई सेना बीचको घनिष्ठ सम्बन्ध आफ्नो भूमिको रक्षा गर्न फलदायी हुने कुरा पनि त्यस अवसरमा वहाँले राख्नुभयो ।

दिनाङ्क २०७३/१२/११ शुक्रबार
सिंहदरबार, काठमाण्डौं ।

उत्तमप्रसाद नागिला
सह-सचिव/प्रवक्ता